नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं कार्तिक २४ गते २०१५ साल

निर्वाचन आयोगको सूचना नं. १.

जन प्रतिनिधित्व ऐन, २०१५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले जुमला जिल्लाको नं. ७३ जुमला उत्तर निर्वाचन क्षेत्र र नं. ७४ जुमला दक्षिण निर्वाचन क्षेत्र बाहेक नेपाल राज्यभरका अन्य १०७ निर्वाचन क्षेत्रहरूमा देहायका कामलाई देहायबमोजिम मिति तोकेकोले यो सूचना प्रकाशित गरिएको छ।

(क) नोमिनेशनपत्र दाखिल गर्ने—२०१५ साल कार्तिक २४ गते देखि २०१५ साल मार्ग २३ गते सम्म हुनेछ।

(ख) नोमिनेशनपत्र जाँच गर्ने मिति—२०१५ साल मार्ग २४ गतेदेखि ऐ मार्ग ३० गते भित्रमा सम्बन्धित निर्वाचन क्षेत्रका रिटानङ्ग अफिसरले कुनै एक दिन निश्चित गर्नेछ।

(ग) उम्मेदवारबाट नाम फिर्ता लिने आखिरी मिति—सम्बन्धित निर्वाचन क्षेत्रका रिटानङ्ग अफिसरले नोमिनेशनपत्र जाँच गरेको मिति पछि तेस्रो दिन हुनेछ।

६०३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।